## जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको २० औं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष माधव दुलालले प्रस्तुत गर्नु भएको आ.व.०६७/ ०६८ को प्रगती तथा आ.व.०६८/०६९को

## नीति, योजना तथा कार्यक्रम

जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको २०औं बार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि माननीय शान्ति तथा पुननिर्माण मंन्त्री सत्या पहाडीज्यू, बिशिष्ट अतिथि संस्कृतिविद् सत्यमोहन जोशीज्यू, बिभिन्न राजनैतिक दलबाट पाल्नुभएका विशिष्ट महानुभावहरु, आमन्त्रित अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, संचालक समिति लेखा समिति तथा बिभिन्न उपसमितिका सहकर्मी साथीहरु, बिभिन्न सहकारी संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधि मित्रहरु, पत्रकार मित्रहरु साथै कर्मचारी एवं शुभचिन्तक महानुभावहरुमा मेरो व्यक्तिगत तर्फबाट र जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको तर्फबाट हार्दिक स्वागत गर्दै सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

**आदरणीय प्रतिनिधि साथीहरु,**

अभावग्रस्त अबस्थाका मजदुरहरुको पहलबाट औपचारिक रुपमा सुरुवात भएको सहकारी अभियान  झण्डै १६८ वर्ष पुगिसकेको छ । यस अवधिमा विश्वमा सबैभन्दा विशाल संजाल भएको आन्दोलनको रुपमा सहकारीको पहिचान स्थापित भइसकेको छ । नेपालमा २०१३ सालमा राज्यको पहलमा सहकारीको अभियान सुरु भएको हो । प्रारम्भमा सरकारको निर्देशनमा सहकारीको संचालन भएपनि बि.सं.२०४८ पछि जनताको स्तरमा स्वस्फूर्त रुपमा संगठित हुन थालेको हो । विभिन्न खाले चरण पार गर्दै ५४ बर्ष पार गरेको वर्तमान आन्दोलनमा थुप्रै समस्या र चुनौतिहरु रहेका छन् । यस अवधिमा सहकारीको विशिष्टतालाई यथेष्ट मात्रामा प्रयोग गर्न सकिएको छैन । स्वेच्छिकता, मौलिकता, तटस्थता, सामूहिकता,  समानता, समता, ऐक्यवद्धता सहकारीका मूलभूत चरित्र हुन् । प्रजातन्त्र, न्याय र स्वतन्त्रता सहकारीका आदर्श हुन् । सहकारीका मूल्य अखण्ड विश्वाश हो भने, सिद्धान्त मार्गदर्शन हो जो जिवन व्यवहारिक छन् । यिनै मुलभूत बिषयहरुमा आधारित भएर स्वायत्त रुपमा संचालन हुने व्यवसाय नै सहकारी हो ।

सहकारीको पृथक पहिचान सहितको आत्मनिर्भर आर्थिक व्यवहार हो । सहकारी पद्दतिलाई आर्थिक सामाजिक रुपान्तरणको निर्विकल्प माध्यमको रुपमा सवैले स्विकार गरिसकेका छन् । समान वितरण प्रणालीको एकमात्र माध्यम सहकारी प्रणाली नै हो । छरिएर रहेका साधन स्रोतलाई एकीकरण गरी न्याय र समानताका आधारमा वितरण गर्ने एकमात्र माध्यम सहकारी भएको छ । सहकारी प्रणालीलाई वितरणको माध्यम बनाउन सक्ने हो भने आम नागरिकले खोजेको विकास सहज सम्भव हुनेछ । समावेशी लोकतन्त्रमा आधारित व्यावसायिक मोडेलकोे रुपमा स्वीकार गरिएको सहकारी पद्दतिको विशिष्टतालाई अत्याधुनिकरुपमा प्रयोग गरिनु पर्दछ र यसमा तपाई हामी सवैको महत्वपूर्ण भूमिका रहन्छ ।

**प्रतिनिधि साथीहरु**,

जिल्ला सहकारी संघ लिमिटेड ललितपुर २०२८ साल चैत्र २४ गते विधिवत रुपमा दर्ता भएको हो । प्रारम्भमा सरकारद्वारा निर्देशित र संचालित यस संघको गतिविधि संकुचित थियो । सहकारी ऐन २०४८ को प्रादुर्भाव पश्चात स्वतस्फूर्त रुपमा सहकारी संघ संस्थाहरु संगठित हुन थाले । जिल्ला भित्र संचालित सहकारी संघ संस्थाहरुको अविभावकको भूमिकामा यस जिल्ला संघको भूमिका महत्वपूर्ण रहँदै आयो । भौगोलिक हिसाबमा पहाड, काँठ र शहर गरी ३ भागमा अवस्थित यस जिल्लाको सहकारी अभियानले विस्तारै गति लिन थालेको छ । सहकारीमा व्याप्त बिभिन्न समस्याका बावजुद सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गर्दै लक्षितबर्गको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणको लागि ललितपुरका सहकारी संघ संस्थाहरु क्रियाशील छन् । बिभिन्न क्षेत्रमा सहकारीले पु¥याएको योगदान कदर योग्य छ । बचत परिचालन, कृषि, दुग्ध उत्पादन, ग्रामीण बिद्युतीकरण, उपभोक्ता पसल संचालन, कफि, स्वास्थ्य, शिक्षा, चिया लगायतका बिभिन्न क्षेत्रमा सहकारीले सेवा दिई रहेका छन् । २०६८ साल मंसिर १२ सम्म यस जिल्लामा जिल्ला सहकारी संघ समेत दुग्ध उत्पादक, बचत तथा ऋण, कफि उत्पादक, उपभोक्ता, कृषि, चिया उत्पादक समेत गरी जिल्ला स्तरीय बिषयगत संघहरु ७ वटा गठन भैसकेका छन् । बिभिन्न प्रकृतिका ८८० प्रारम्भिक सहकारी संस्थाहरु र जिल्लास्तरिय विषयगत संघहरु समेत हाल ८८७ सहकारी संघ संस्थाहरु कृयाशिल रहेका छन् । यस जिल्लामा संचालित

सहकारी संघ संस्थाहरुमा १ अर्ब ५३ करोड भन्दा माथि शेयर पूँजी रहेको छ भने १६ अरव भन्दा बढि पूँजीको परिचालन भएको देखिन्छ । यसबाट यस जिल्लाको वैभवमा सहकारी क्षेत्रको भूमिका थप स्पष्ट र महत्वपूर्ण भएको हामीलाई लागेको छ ।

**प्रतिनिधि साथीहरु**,

आज हामी सहकारी अभियानमा विशिष्ट पहिचान बोकेको जिल्लामा संचालित सबै बिषयका सहकारी संघ संस्थाहरुको छाता संगठनको २० औं बार्षिक साधारण सभामा छांै । वास्तवमा हामी आजको यस सभालाई गरिमामय ठान्छौं । यस अवसरमा गत साधारण सभा समक्ष हामीले गरेका प्रतिबद्धता अनुसारको प्रतिवेदन माथिको समिक्षा र आगामी बर्ष गरिने कार्यक्रमहरुको सम्बन्धमा छलफल गर्दैछौ ।

**प्रतिनिधि साथीहरु**,

यहाँहरुलाई म स्मरण गराउन चाहन्छु । हामिले गत १९ औं वार्षिक साधारण सभाको अवसरमा यहाँहरु समक्ष व्यक्त गरेका प्रतिवद्धता अनुसार संघमा आवद्ध सदस्य संघ संस्थाहरुको विकास र प्रवर्धनमा संघबाट निम्नानुसारका कार्यक्रमहरु कार्यन्वयन गरी संचालन गरेका छौं ।

**प्रतिवद्धताहरु**

- सदस्यता सहज रुपमा विस्तार गर्ने ।
- सबै बिषयका सहकारी संघहरु मार्फत एकै छाना मुनिबाट सेवा विस्तार गर्ने ।
- सहकारीमा प्रभावकारी सुचना प्रणालीको विकास गर्ने ।
- सहकारीमा महिलाहरुको सहभागिता बढाई सशक्तिकरण गर्ने ।
- उत्पादन, वितरण र उपभोगलाई प्रवर्धन गर्ने र बजार व्यवस्था गर्ने ।
- अन्तर सहकारी संबन्ध सुदृढ गर्ने ।
- सुपथ मूल्य सहकारी पसल, दूध उत्पादन, कृषि उत्पादन र वितरणका लागि कार्ययोजना तयार गरी लागू गर्ने ।
- सदस्य संस्थाहरुको बिकास र प्रवर्धनका लागि स्थायी किसिमका शिक्षा तथा तालिमको कार्यक्रम संचालन गर्ने ।
- सदस्य संस्थाहरुको प्रवर्धनका लागि अनुगमन, मूल्यांकन आदि कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

□ सदस्य संस्थाहरुको व्यवसाय प्रवर्धन र विकासका लागि सम्बन्धित निकायहरुमा प्रभावकारी समन्वय स्थापना गर्ने ।

□ समयानुकूल संघको विनियम, आवश्यक अन्य नीति नियमहरु व्यवस्थित गर्ने ।

□ सदस्यसंस्थाहरुलाई संघबाट प्रदान गर्ने सबै किसिमका सेवा तथा सुविधामा सहज पार्ने ।

□ सदस्य संस्थाहरुको सहभागितामा अल्पकालीन र दीर्घकालीन कार्यक्रमहरु तयार गरी लागू गर्ने ।

□ ग्रामिण क्षेत्रको उत्पादन सहरमा र सहरको पूँजी गाउँमा ल्याउने कार्यक्रमहरु बनाई लागू गर्ने ।

□ जिल्ला सहकारी संघलाई नमूना संघ बनाउन विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

□ जिल्ला सहकारी संघमा रहेको पूँजीगत स्रोतलाई अधिकतम उपयोग गरी दरिलो आर्थिक आधार बनाईने छ ।

□ भौगोलिक स्थितिको आधारमा संघले प्रदान गर्ने सेवालाई विकेन्द्रिकरण गर्ने ।

**प्रतिनिधि साथीहरु**,

हामीले हाम्रो प्रतिवद्धता एवं जिल्ला सहकारी संघको कार्यक्रम अनुसार आ.व. ०६७/०६८ मा निम्नानुसारका प्रगति हासिल गरेका छौं ।

१.   कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि निम्न अनुसारका बैठक बसी नीतिगत बिषयमा निर्णय लिइयो ।

| क.स. | विवरण | बैठक संख्या |
|---|---|---|
| १. | संचालक समिति | १० पटक |
| २. | संचालक र लेखा समिति | १० पटक |
| ३. | लेखा समिति | ६ पटक |
| ४. | संचालक समिति, लेखा समिति, सल्लाहकार र सबै उपसमिति | १ पटक |
| ५. | शिक्षा तथा तालिम उप समिति | ८ पटक |
| ६. | सूचना तथा प्रकाशन उप समिति | ८ पटक |
| ७. | संस्था विकास तथा प्रर्बद्धन उप समिति | ३ पटक |
| ८. | बजेट नीति तथा कार्यक्रम उप समिति | ५ पटक |
| ९. | अन्तर लगानी व्यवस्थापन उप समिति | ७ पटक |
| १०. | प्राज्ञिक उप समिति | २ पटक |
| ११. | कृषि तथा वजार व्यवस्थापन उप समिति | ६ पटक |
| १२. | भबन निर्माण तथा सुधार उप समिति | ६ पटक |
| १३. | सहकारी सरोकार समन्वय उप समिति | ३ पटक |
| १४ | महिला उप समिति | ५ पटक |

## २. सदस्यतामा विस्तार

जिल्ला भित्र दर्ता भई संचालनमा रहेका सबै प्रकृतिका सहकारी संघ/संस्थाहरुलाई सदस्यताका लागि विभिन्न कार्यक्रमहरु मार्फत आव्हान गरियो ।

फलस्वरुप स्वैच्छिक तथा खुला सदस्यताको भावना अनुसार उत्साहजनक रुपमा सदस्यता वृद्धि एवं विस्तार भैरहेको छ ।

सदस्यता वृद्धिको तुलनात्मक विश्लेषण

| गत आ.ब. सम्म | गत साधारण सभा सम्म | आ.ब. ०६७०६८ | २०६८ मंसिर १२ सम्म | कैफियत |
|---|---|---|---|---|
| ६० सदस्य | १३६ सदस्य | १७५ सदस्य | २६२ सदस्य | वृद्धि |

**३. शेयर पूजिमा वृद्धि**

संघमा सदस्यता वृद्धि सँगै शेयर पूँजीमा पनि वृद्धि भएको छ । गत आ.ब.मा रु.१,६०,०००।- (एक लाख साठ्ठी हजार) शेयर पूँजी भएकोमा यस आ.ब.मा रु.४,५०,०००।- ९चार लाख पचास हजार र हाल सम्म रु.६,६७,५००।-९ छ लाख सतसठ्ठी हजार पाँच सय) पु¥याउन सफल भएका छौ ।

४. संगठनात्मक ढॉचा

संघमा आवद्ध सदस्य संघ संस्थाहरुलाई संघको निर्दिष्ट उद्देश्य प्राप्तिका लागि समावेशी प्रतिनिधित्व, सक्रिय सहभागिता गराउँदै कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संघले आफ्नो संगठनात्मक ढाँचा तयार गरी सोहि ढाँचा बमोजिम विभिन्न कार्यक्रमहरु संचालन गरेको जानकारी गराउन चाहन्छु ।

**५. बिषयगत संघहरुसँग अन्तरक्रिया**

यस जिल्ला सहकारी संघ जिल्ला सहकारी अभियानको सबै भन्दा माथिल्लो निकाय भएको र सोहि हैसियतमा आफ्नो भूमिका, दायित्व र कार्यक्रमहरुका संबन्धमा यसै जिल्लाका बिषयगत अन्य संघहरुसँग मिति २०६७ असोज २१ गते समसामयिक सहकारी अभियानको बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

**६. निवर्तमान संचालक एवं लेखा समितिलाई विदाई कार्यक्रम**

नवनिर्वाचित संचालक समिति एवं लेखा समितिबाट आफ्नो पद बहाली पश्चात निवर्तमान संचालक एवं लेखा समितिका पदाधिकारी सदस्यहरुलाई एक कार्यक्रम आयोजना गरी ससम्मान दोसल्ला ओढाई विदाई गरियो ।

**७. भौतिक पूर्वाधारको विकास**

संघले आत्मनिर्भर भई विभिन्न कार्यक्रमहरु संचालनका लागि निम्नानुसारका भौतिक पूर्वाधारको विकास गरेको जानकारी गराउन चाहन्छु ।

क) २५ जना सम्मको क्षमता भएको तालिम हल निर्माण

ख) तालिम संचालनका लागि आवश्यक अत्याधुनिक प्रोजेक्टर र ३ के.भि.क्षमता भएको जेनेरेटर, कम्प्युटर, प्रिन्टर, हवाईटबोर्ड आदिको व्यवस्था ।

ग) भर्खरै निर्माण सम्पन्न गरिएको ७०-८० जना सम्म अट्ने क्षमता भएको सभा हलको निर्माण ।

**८. शिक्षा तथा तालिम कार्यक्रम संचालन**

सहकारी संघ संस्थाहरुको व्यवसायिक सक्षमता अभिवृद्धि गर्नका लागि प्राथमिकताका साथ शिक्षा तथा तालिम उपसमितिद्वारा स्थायी प्रकृतिका आवधिक कार्यक्रम तयार गरी सुचारु गरिएको छ । हाल सम्म बिभिन्न बिषयका ६ वटा तालिम कार्यक्रम संचालन गरी सकेका छौं । संघले तालिम कार्यक्रमलाई निरन्तर संचालन गर्ने उद्देश्यले बर्ष भरी संचालन हुने तालिम कार्यक्रमको बिषयबस्तु, समय, शुल्क लगायतका बिषयहरु स्पष्ट खुलाई तालिका तयार गरी सहकारी संस्थाहरुमा पु्याउने ब्यावस्था मिलाइएको छ । यस कार्यक्रम प्रति सहकारी संघ संस्थाहरुको व्यापक उत्साह रहेको पाइएको छ । यसबाट सहकारी क्षेत्रमा शिक्षा र तालिमको अभावलाई न्युनीकरण गर्न सहयोग मिलेको महशुस गरिएको छ ।

**९. शुभकामना आदान प्रदान**

संघले मिति २०६७ कार्तिक १७ र २०६८ कार्तिक ७ गतेका दिनहरुमा सहकारी बिकास बोर्डका सहअध्यक्ष श्री सरोज कुमार शर्माज्यूको प्रमूख आतिथ्यतामा विजया दशमी, दिपावली, नेपाल सम्वत एवं छट पर्वको पावन अवसरमा जिल्लाका बिभिन्न राजनैतिक दलका प्रतिनिधिका साथै सबै सदस्य सहकारी संघ संस्थाहरुको उपस्थितिमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरियो । यस्ता कार्यक्रमले संघ संस्था बिचको पारस्परिक सम्बन्धलाई प्रगाढ बनाउने बिश्वास लिएका छौं ।

**१०. देउँशी भैलो कार्यक्रम**

संघका संचालक समिति, लेखा समिति, बिभिन्न उपसमिति, कर्मचारी एवं सहकारीकर्मी साथिहरुको सहयोगमा मिति २०६७ कार्तिक १८ गते र मिति २०६८ कार्तिक ७ र ८ गते नगर र ग्रामिण क्षेत्रमा देउँसी भैलो कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रमबाट संचित आम्दानीलाई साँस्कृतिक बिकास तथा प्रबर्धन कोष खडा गरी जम्मा गरियो ।

**११. अन्तर लगानी तथा अन्तर सहकारी संबन्ध**

जिल्लास्तरिय छाता संगठनका हैसियतमा आवद्ध सदस्य संस्थाहरुको चौतर्फि बिकास र व्यवसायिक प्रवर्धन गर्दै संघ संस्थाहरुबीच अन्तर सम्बन्ध कायम गराउन संघले विनियममा व्यवस्था भए अनुसार अन्तरलगानी कार्यक्रम संचालनका लागि अन्तरलगानी निर्देशिका र कार्यविधि तयार गरी प्रभावकारी कार्यन्वयनका लागि वातावरण तयार गरेको छ । यस कार्यक्रममा सक्रिय सहभागिताका लागी यस गरिमामय साधारण सभा समक्ष सबै सहकारी संघ संस्थालाई अनुरोध गर्दछौ ।

**१२. ऋण सापटि चुक्ता एवं भूक्तानी**

संघले विभिन्न प्रयोजनका लागि लिएको राष्ट्रिय सहकारी बैंकको  कर्जाको साँवा र व्याज चुक्ता गरियो । अब सो बैंकमा कुनै पनि प्रकारको कर्जा नरहेको जानकारी गराउन चाहान्छौं ।

**१३. पुस्तक प्रकाशन एवं वितरण**

संघले सहकारी क्षेत्रको शिक्षा सुचनाको अभावलाई न्युनिकरण गर्न लेखनाथ ढकालद्वारा लिखित “सहकारी अवधारणा र विकास” नामक पुस्तक २००० प्रति प्रकाशन गरी २०६७ साल चैत्र १९ गतेका दिन ५४औं राष्ट्रिय सहकारी दिवशको अवसरमा विमोचन गरियो । साथै सहकारीका विभिन्न कार्यक्रमहरुमार्फत निरन्तर रुपमा विक्रि वितरण गर्ने क्रम जारी रहेको जानकारी गराउँदै संघसँग आवद्ध सबै सहकारी संघ संस्थाहरुलाई उपहार स्वरुप एक एक वटा पुस्तक वितरण गरियो ।

**१४. संस्थामा व्यवस्थापकिय संरचना निर्धारण**

संघको दैनिक काम कार्वाहिलाई व्यवस्थित, मर्यादित, जवाफदेहि एवं सुचारु गर्नु पर्ने देखिएकाले देहाय बमोजिमको व्यवस्थापकीय संरचना तयार गरी कार्यान्वयन गरियो । जसबाट संघले गर्ने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन भएको छ ।

**१५. कर्मचारी पदपूर्ति एवं भर्ना संबन्धमा ।**

संघले दैनिक कार्य संचालनका लागि आवश्यक २ जना कर्मचारी पदपूर्ति गर्दा संचालक समितिका उपाध्यक्षको संयोजकत्वमा पदपूर्ति उपसमिति गठन गरी पदपूर्ति उपसमितिको सिफारिसमा कर्मचारीहरुको भर्ना गरियो ।

**१६. सल्लाहकार नियुक्ति**

संघले आफूले गर्ने विभिन्न कार्यक्रम, नीति तथा योजना निर्माणमा व्यवसायिक राय, सल्लाह र सुझावका लागि ४ जना विशिष्ट व्यक्तित्वहरुलाई संघको सल्लाहकारमा नियुक्त गरियो ।

क. राजेशहरि जोशि

ख. सुरेन्द्र भण्डारी

ग. रोहिणी जोशि

घ. देवेन्द्र बहादुर प्रधान

**१७. संघको गोदाम तथा कवल (सटर) भाडा पुनरावलोकन**

संघले विभिन्न प्रयोजनका लागि उपलब्ध गराएको संघको स्वामित्वमा रहेको गोदाम, कवल (सटर)को भाडादर पुनरावलोकन गर्ने योजना अनुसार भाडा निर्धारण उपसमितिले सिफारिस गरेको योजना अनुरुप मासिक भाडा दरमा वृद्धि गरियो ।

| गत आ.ब. सम्म | गत साधारण सभा सम्म | आ.ब. ०६७०६८ | २०६८ मंसिर १२ सम्म | कैफियत |
|---|---|---|---|---|
| ६० सदस्य | १३६ सदस्य | १७५ सदस्य | २६२ सदस्य | वृद्धि |

**१८. संघको लोगो निर्माण**

ऐतिहासिक रुपले संघ पूरानो भएता पनि संघको बिशिष्टता झल्कने लोगो भएको छापको व्यवस्था नभएको हुँदा क्षेत्रीय एवं सहकारीता झल्कने आकर्षक लोगो निर्माण गरिएको जानकारी गराउँदै अनुमोदनका लागि पेश गर्दछु ।

**१९. ५४ औं राष्ट्रिय सहकारी दिवश संबन्धमा**

नेपालमा सहकारी अभियानको औपचारिक प्रारम्भ भएको दिनलाई महत्व दिई अधिराज्यभर  राष्ट्रिय सहकारी दिवश मनाउने क्रममा यस जिल्लामा ३ दिन सम्म भव्यरुपमा ५४औं राष्टिय सहकारी दिवश मनाइयो । दिवशलाई भव्यरुपमा सम्पन्न गर्न यस संघका अध्यक्ष माधब दुलालको संयोजकत्वमा ७१ सदस्यीय ५४औं राष्ट्रिय सहकारी दिवश मूल समारोह समिति गठन गरिनुका साथै बिभिन्न कार्यक्रमको लागि छुट्टा छुट्टै समितिहरु गठन गरिएको थियो । यस संघका सबै पदधिकारीबाट मूल समारोह समितिको सदस्य भएर महत्वपूर्ण भूमिका निर्वाह गरिएको थियो । संघका अन्य पदाधिकारीबाट बिभिन्न समितिको संयोजक भई निम्नानुसारको भूमिका कुशलताका साथ निर्वाह गरिएको थियो ।

| | | |
|---|---|---|
| क. | संयोजक साँस्कृतिक समिति | उपाध्यक्ष माधब तिमल्सिना |
| ख. | संयोजक प्रभातफेरी मूल्याँकन समिति | लेखा संयोजक राम प्रसाद आर्चाय |
| ग. | संयोजक स्वाथ्य समिति | संचालक निर्मला हाडा |
| घ. | संयोजक प्रचार प्रसार समिति | संचालक अमृतनाथ तिमल्सिना |
| ङ. | संयोजक प्रभातफेरी व्यवस्थापन समिति | संचालक कदमलाल महर्जन |
| च. | संयोजक झाँकि व्यवस्थापन समिति | संचालक करुणारत्न बज्राचार्य |

## २०. बिषयगत संघहरुलाई कार्यालय उपलब्ध

सहकारी संघ संस्थाहरुले सकेसम्म एकै छाना मुनीबाट सेवा सुविधा उपभोग गर्न पाउन भन्ने हेतुले जिल्ला भित्र रहेका बिषयगत सहकारी संघहरुलाई कार्यालय उपलब्ध गराउने निर्णय गरे बमोजिम जिल्ला कृषि सहकारी संघ लि. र जिल्ला उपभोक्ता सहकारी संघ लि.लाई संघको कार्यालय भवन एउटा कोठा उपलब्ध गराईएको छ ।

## २१. ऐतिहासिक साँस्कृतिक कार्यक्रम संचालन संबन्धमा

जिल्ला सहकारी संघले आफ्नै पहलमा जनमानसमा सहकारी सचेतना सहज पार्नका हेतु सहकारी उत्पतिको ऐतिहासिक पृष्टभूमिमा आधारित सहकारी नाटक “आरम्भ” को निर्माण गरी भव्यताका साथ मिति २०६८ साल जेष्ठ ११ गते नेपाल प्रज्ञा प्रतिष्ठानको अत्याधुनिक हल कमलादीमा पहिलो पटक मञ्चन गर्‍यो । सँस्कृतिविद् सत्यमोहन जोशिको प्रमुख आतिथ्यतामा प्रर्दशन गरिएको सो कार्यक्रममा

राष्ट्रिय सहकारी संघका अध्यक्ष केशब बडाल लगायत अभियानका राष्ट्रिय नेतृत्ववर्गहरुको समेत उल्लेख्य उपस्थिति रहेको थियो । करिब १३०० सहकारीकर्मी दर्शकहरुले प्रत्यक्ष अवलोकन गरेको सो नाटकले सहकारीको मुल मर्म र भावनालाई कसरी व्यवहारमा उर्तान सकिन्छ भन्ने बिषयलाई चित्रण गरेको थियो । सहकारी क्षेत्रमा निकै चर्चित र चासो राखिएको सो नाटकलाई मिति २०६८साल अषाढ १८ गते राष्ट्रिय सहकारी संघले आयोजना गरेको अन्तराष्ट्रिय सहकारी दिवशका दिन सम्माननीय संविधान सभाका अध्यक्ष सुवाषचन्द्र नेम्वाङ्गको प्रमुख आतिथ्यतामा राष्ट्रिय तथा अन्तराष्ट्रिय सहकारी अभियन्ताहरु सहित करिब ७०० सहकारीकर्मीले अवलोकन गरेका थिए । नेपालको सन्दर्भमा ऐतिहासिक रुपमा लिईएको सो नाटकलाई देशको बिभिन्न क्षेत्रमा प्रर्दशन गरी सहकारीको चेतना बृद्धि गर्नु पर्ने धारणा व्यापक रुपमा आईरहेको छ । साथै यस पावन अवसरमा ऐतिहासिक नाटक तयार गर्न लामो समयदेखि अहोरात्र खटिने सहकारीकर्मी कलाकार साथीहरुमा बिशेष कृतज्ञता ज्ञापन गर्दछौ । नाटक तयारीको क्रममा प्रायोजन गरेर उत्साह प्रदान गर्ने लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, पुल्चोकलाई बिशेष धन्यवाद दिन चाहन्छौ । यो एतिहासिक कार्यमा प्रत्यक्ष, परोक्ष सहयोग गर्ने सम्पूर्ण महानुभावहरुमा हृदय देखि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छौ ।

### २२. कार्यालय भवन मर्मत सुधार

यस संघको कार्यालय भवन पूरानो हुँदै गईरहेको हुँदा आवश्यक मर्मत सुधारको कार्य सम्पन्न गरियो । जसमा तालिमहल निर्माण, ट्रष्ट निर्माण, रंगरोकन, सौचालय मर्मत, प्राङ्गण सुधार, हाट बजार व्यवस्थापन, कार्यलय व्यवस्थापन आदि कार्यक्रमहरु सम्पन्न गरेका छौ ।

### २३. सहकारी सुचना केन्द्र संचालन एवं वुलेटिन प्रकाशन संबन्धमा

संघले आफ्ना सदस्य संघ संस्था एवं जिल्ला भित्र संचालित सहकारी संस्थाहरुले गर्ने कारोबार एवं गतिविधिहरु संग्रहित हुने सुचना केन्द्रको निर्माण गर्न सुचना तथा प्रकाशन उपसमितिमार्फत सूचना केन्द्र संचालन निर्देशिका तयार गरियो । साथै संघको उद्देश्य, कार्यक्रम तथा जिल्लाका सम्पूर्ण गतिविधि समेटि तयार गरिने

त्रैमासिक बुलेटिनको प्रकाशन गरियो । सकेसम्म संघका सबै गतिविधिहरु संग्रहित हुने किसिमको धधध।मअग।ियचन ।लउ नामक वेभ साईट समेत बिकास गरिएको छ । यस कार्यबाट संघ र सदस्य संघ संस्थाहरुको सम्बन्ध थप सुदृढ हुने विश्वास लिएको छु ।

**२४. सहकारी मापदण्ड २०६८ सम्बन्धमा**

संघले सहकारी विभागद्वारा २०६८ साल बैशाख १गते देखि लागू हुने गरी जारी गरेको मापदण्ड कार्यान्वयनका सम्बन्धमा सबै सहकारी संघ संस्थाको भावना बमोजिम सहकारी विभागका रजिष्टार कै उपस्थितिमा एक दिने कार्यशाला गोष्टिको आयोजना गरी आवश्यक राय, सल्लाह एवं सुझाव संकलन गरियो । संकलित राय, सल्लाह सुझावलाई लिपिबद्ध गरी संबन्धित निकायमा पुऱ्याईएको जानकारी गराउँदछु ।

**२५. हरितालिका तिज कार्यक्रम**

जनमानसमा सहकारीको चेतना पुऱ्याउने उद्देश्यले महिला उपसमितिको सक्रियतामा मिति २०६८ साल भ्राद ५ गते हरितालिका तिज गोदावरीमा भव्य रुपमा मनाईयो । जसमा ४५० जना महिला दिदी बहिनीहरुको सक्रिय सहभागिता रहेको थियो ।

**२६. साधारण सभा, गोष्टि, सेमिनार एवं भ्रमणमा सहभागिता**

जिल्ला सहकारी संघको हैसियतमा सदस्य संघ संस्थाहरुले आमन्त्रण गरेका विभिन्न कार्यक्रमहरुमा सहभागिता जनाइएकोे थियो । त्यस्तै राष्ट्रिय गोष्टि, सेमिनार, एवं भ्रमणहरुमा सक्रिय सहभागिता जनाईयो ।

**२७. सहकारी पत्रकार सरोकार समाजलाई स्वागत सम्बन्धमा**

जिल्ला सहकारी संघले सहकारीका विषयमा समाचार सम्प्रेशण गर्ने सञ्चारकर्मीहरुको सक्रियतामा
गठित सहकारी पत्रकार सरोकार समाजलाई एक कार्यक्रम आयोजना गरी स्वागत गरियो ।

**प्रतिनिधि साथीहरु,**

अब म संघले आगामी आर्थिक बर्ष ०६८/६९ मा गरिने कार्यक्रमका योजना, नीति तथा प्रस्तावहरु यहाँहरुसमक्ष छलफल र निर्णयका लागि प्रस्तुत गर्न चाहन्छु ।

**१. सहकारी शिक्षा तथा तालिम सम्बन्धमा**

□ सहकारी संघ संस्थाहरुको व्यवसायिक क्षमता अभिवृद्धिका लागि स्थायी प्रकृतिका विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

**२. सुचना केन्द्र व्यवस्थापन तथा बुलेटिन प्रकाशन कार्यक्रम**

संघबाट संचालन भएका, हुने र गरिने सम्पूर्ण क्रियाकलापहरु संग्रहित हुने वेभ साईट थप अद्यावधिक गरिने छ साथै त्रैमासिक बुलेटिन नियमित रुपमा प्रकाशन गरिने छ ।

सहकारी सम्बन्धि सकेसम्म सबै किसिमका सूचना उपलब्ध हुने गरी प्रविधि सम्पन्न सुचना केन्द्र निर्माण गरिने छ । यसका लागि आवश्यक निर्देशिका, भौतिक पूर्वाधार एवं मानव संशाधनको व्यवस्था गरिने छ ।

**३. पुस्तकालय व्यवस्थापन**

संघको कार्यालय भवनको भूँईतलाको एउटा कोठालाई सहकारी पुस्तकालयको रुपमा बिकास गरिने छ र यसका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था मिलाईने छ ।

४. कार्यालय व्यवस्थापन सुधार

संघको कार्यालय सुविधा सम्पन्न बनाउन कार्यालयमा आवश्यक कार्यकक्षहरु निर्माण गरिने छ ।

**५. भवन मर्मत सुधार**

जिल्ला संघको स्वामित्वमा रहेको गोदामको छाना, परिसर आदि सुधार गर्नुपर्ने भएकाले आवश्यक सुधार गरिने छ ।

कार्यालय भवनको सौचालयको आवश्यक मर्मत सुधार गरिने छ ।

**६. कृषि बजार व्यवस्थापन**

संघको परिसरमा प्रत्येक हप्ताको शनीबार लाग्ने कृषि हाट बजारलाई थप व्यवस्थित गर्न फलामको स्टल तयार गरिने छ ।

**७. सदस्यता विस्तार कार्यक्रम**

संघले आगामी बर्षमा सदस्यता व्यापक वृद्धि गर्ने थप व्यवहारिक कार्यक्रमहरु ल्याउने छ ।

सदस्यता वृद्धिका लागि प्रभावकारी शैक्षिक एवं सूचनामूलक कार्यक्रमहरु तयार गरी लागू गरिने छ ।

**८.	अन्तर सहकारी संबन्ध सुदृढिकरण कार्यक्रम**

संघले आफ्ना सदस्य संघ संस्थाहरुबीचमा आपसी हित र सहयोग साथै व्यवसायिक सम्बन्ध सुदृढ गराउने अन्तर लगानी कार्यक्रम लागू गर्नेछ ।

अन्तर लगानी कार्यक्रमका लागि निर्देशिका र कार्यविधि समेत तयार भै सकेको जानकारी
गराउँदछु ।

**९.	सहकारी संघ संस्था प्रवर्धन, अनुगमन कार्यक्रम**

संघले विद्‌यमान ऐन, नियमको अधिनमा रहि आवद्ध संघ संस्थाहरुको प्रवर्धनात्मक हिसाबले अनुगमन नियमन गर्ने व्यवस्था गर्ने छ । यसबाट सहकारी अभियानलाई मूल्य मान्यता र सिद्धान्त बमोजिम सुदृढ हुन थप मद्दत पुग्नेछ ।

**१०. क्षमता अभिवृद्धि कार्यक्रम**

संघका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि बिषयसँग संबन्धित शिक्षा, तालिम, अध्ययन भ्रमण कार्यक्रमहरुमा सहभागि गराईने छ ।

**११.	व्यवसाय बिकास योजना कार्यक्रम**

संघको दीर्घकालीन बिकासका लागि संघको स्वामित्वमा रहेको स्थिर सम्पत्तिको अधिकतम प्रयोग हुने व्यवसाय बिकास योजनाहरु तयार गरिने छ ।

स्थानीय स्तरमा रहेका सहकारीका मौलिक उत्पादनको मूल्य अभिवृद्धि गर्दै व्यवसायिक उत्पादन तथा वितरण कार्यक्रमहरुमा गहन अध्ययन गरिने छ ।

**१२.	सन् २०१२ लाई सहकारी बर्षको रुपमा मनाउने कार्यक्रम**

संघले संयुक्त राष्ट्रसंघको घोषणा अनुरुप सहकारीबाट हुने फाईदा र यसको उपादेयतालाई संसारभर व्यापक रुपमा प्रचार प्रसार गर्नका लागि घोषणा गरेको सहकारी बर्ष २०१२ लाई भव्य रुपमा मनाउन आम जनमानसमा चेतना बिकास गर्ने संबन्धि विभिन्न कार्यक्रमहरुको आयोजना गर्ने छ ।

संयुक्त राष्ट्रसंघले सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष घोषणा गरी ूऋययउभचबतष्खभ भ्लतभचउचष्कभ दगष्मि ब दभततभच धयचमि भन्ने नारा

तयार गरेको परिप्रेक्ष्यमा उक्त कार्यक्रमलाई सफलतापूर्वक मनाउनका लागि सम्बन्धित पक्षहरुसँग आवश्यक पहल एवं समन्वय गर्ने छ ।

**१३. संघको विनियम संशोधन संबन्धमा**

संघलाई समय सापेक्ष रुपमा संचालन गर्नका लागि विद्यमान विनियममा केहि संशोधन आवश्यक भएको ठानी यसै प्रतिवेदनमा संलग्न गरिएको छ ।

**१४. संघको कर्मचारी प्रशासन विनियमावली संशोधन संबन्धमा ।**

संघमा विद्यमान कर्मचारी प्रशासन विनियमावलीमा समय सापेक्ष आवश्यक धेरै बुँदाहरुमा संशोधन गर्नुपर्ने जटिलता भएको हुँदा पूनर्लेखन गरी यसै प्रतिवेदनमा संलग्न गरिएको छ ।

**१५. संघको आर्थिक विनियमावली पारित गर्ने संबन्धमा ।**

संघले आफूले गर्ने कारोबारलाई पारदर्शी, जवाफदेही एवं व्यवस्थित गराउनका लागि आर्थिक विनियमावली बनाई यस सम्मानीत साधारण सभा समक्ष पेश गरेको छ आशा छ यहाँहरुले स्वीकृति दिनुहुनेछ ।

**१६. सहकारी साँस्कृतिक कार्यक्रम संबन्धमा ।**

संघले गत बर्षमा जस्तै सहकारीतामा आधारित विविध साँस्कृतिक कार्यक्रमहरु आयोजना गर्ने छ ।

साँस्कृतिक कार्यक्रमका लागि आवश्यक स्रोतको व्यवस्था गर्न शसक्त पहल गरिने छ ।

**१७. कार्यक्रमहरुको विकेन्द्रीकरण संबन्धी कार्यक्रम**

संघले आफ्नो उद्धेश्य प्राप्तिका खातिर गठित उपसमितिहरुलाई अधिकार सम्पन्न गराई व्यापक रुपमा कृयाशिल गराईने छ ।

जिल्लाका ४१ वटा गा.वि.स. र नगरपालिकाका प्रत्येक वडाहरुमा १/१ जना प्रतिनिधि वा सहजकर्ता चयन गरी संघका गतिविधिहरुलाई संचार एवं प्रचार प्रसार गरिने छ ।

**१८. संघको अनुमानीत आय व्यय विवरण**

संघले उपरोक्त बमोजिमका कार्यक्रमहरु सफलताका साथ सम्पन्न गर्नका लागि आगामी आ.व. मा हुने अनुमानित आयव्यय विवरण निम्न अनुसार प्रस्ताव गर्दछौं ।

## २०६८/६९ को आनुमानित आय व्यय विवरण:

| आय विवरण | रकम | व्यय विवरण | रकम |
|---|---|---|---|
| क) वहाल आम्दानि | १६,७२,५६०। | १) तलव | ६,००,०००। |
| ख) किताव विक्रि | ५०,०००। | २) विधुत | १०,०००। |
| ग) सदस्यता शुल्क | ३०,०००। | ३)वैठक खर्च | १,८३,०००। |
| घ) बैंक व्याज आम्दानि | १,४०,०००। | ४)स्टेशनरी | ४०,०००। |
| ङ) विविध आम्दानि | ५,०५,०००। | ५)लेखा परिक्षण | १०,०००। |
| च) हाट वजार | २३,५००। | ६)विज्ञापन र सहयोग | ३०,०००। |
| छ) अभिमुखिकरण तालिम | २०,०००। | ७)टेलिफोन | १५,०००। |
| ज) तालिम आम्दानि | १२,००,०००। | ८)इन्टरनेट | १३,०००। |
| | | ९)साधारण सभा | १,५०,०००। |
| | | १०)विविध खर्च | ३५,०००। |
| | | ११) क्षमता विकास | ४५,०००। |
| | | १२)सदस्यता नविकरण | २५००। |
| | | १३) अतिथि सत्कार | ६०,०००। |
| | | १४) पत्रपत्रिका | ८,०००। |
| | | १५) सरसफाइ | ४८,०००। |
| | | १६) व्यवसाय बिकास अध्ययन | ३०,०००। |
| | | १७) ह्रास कट्टि | १,३०,०००। |
| | | १८) तालिम खर्च | ८,९४,०००। |
| | | १९) वेभ साइट नविकरण | ५०००। |
| | | २०) बुलेटिन प्रकाशन | ६०,०००। |
| | | २१) कार्यक्रम,गोष्ठि | ३,३१,०००। |
| | | २२) अनुसन्धान तथा बिकास | १,८५,०००। |
| | | २३) अनुगमन, नियमन खर्च | ३०,०००। |
| | | २४) संस्थागत तथ्यांक संकलन | २,२०,०००। |
| | | २५) अन्तराष्टिय सहकारी बर्ष दिवश | ४,२५,०००। |
| जम्मा आम्दानि | ३६,४१,०६०। | जम्मा खर्च | ३५,५९,५००। |
| | | वचत नाफा | ८१,५६०। |

पूजीगत खर्च २०६९/०७०

| क.सं. | कार्यक्रम शिर्षक | रकम |
|---|---|---|
| १ | भवन मर्मत सुधारमा | ७५०००। |
| २ | पुस्तकालय व्यवस्थापन | १,५०,०००। |
| ३ | कार्यालय व्यवस्थापन | १,८०,०००। |
| ४ | सफ्टवेयर | १५,०००। |
| ५ | कम्प्युटर | ३०,०००। |
| ६ | तालिम हल निर्माण | १,५०,०००। |
| ७ | कृषि बजार व्यवस्थापन | ६०,०००। |
| | जम्मा रु. | ६,६०,०००। |

अन्तमा, यस सभामा आफ्नो अमूल्य समय दिइ हाम्रो यस कार्यक्रमको शोभा बढाइदिनु भएकोमा प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरु, उपस्थित सम्पूर्ण महानुभावहरु, पत्रकार मित्रहरु लगायत प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु साथै सम्पूर्ण आदरणीय उपस्थित महानुभावहरुमा जिल्ला सहकारी संघ लिमिटेड ललितपुरद्वारा सञ्चालित विविध कृयाकलापहरुमा सक्रिय सहभागिता जनाउनु हुन सविनय अनुरोध गर्दछु । विगतका दिनहरुमा झैं आगामी दिनहरुमा सहकारी अभियानको सहयात्रामा यहाँहरुको सहयोग, समन्वय र सहकार्यको अपेक्षा गर्दछु । यस संघको प्रगतिमा महत्वपूर्ण योगदान गर्नुहुने सदस्य संस्थाका महानुभावहरु, संघका शुभचिन्तक, सल्लाहकार, लेखा समिति, विभिन्न उपसमितिहरु लगायत कर्मचारी वर्गहरुमा सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु साथै सहकारी अभियानको सहयात्रामा यहाँहरुको अझैं सक्रिय सहभागिताको अपेक्षा राख्दै यो प्रतिवेदन यहि टुङ्ग्याउने अनुमति चाहन्छु ।

**जय सहकारी !**